क्षीरेश्वरनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महेन्द्रनगर, धनुषा
२ नं. प्रदेश, नेपाल

सूचना प्रविधि अधिकृत सेवा करारमा लिने सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मितिः २०७४/०७/३०

यस नगरपालिकामा एक जना सूचना प्रविधि अधिकृत (IT Officer) सेवा करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (प्रन्ध) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

१. शैक्षिक योग्यता
   - क. लोक सेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc IT, BSc CSIT) उत्तीर्ण भएको।
   - ख. नेपाली नागरिक।
   - ग. २१ वर्ष उमेर पुरा भई ४० ननाघेको।
   - घ. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको।
२. पारिश्रमिकः मासिक ४० हजार।
३. परिक्षण पद्धतिः प्राप्त दरखास्त मध्येबाट शैक्षिक योग्यता, कार्य अनुभव र स्थायी ठेगाना को आधारमा मूल्याङ्कन गरी सूचिकृत गरिनेछ र सूचीकृत उम्मेद्ववार मध्येबाट अन्तर्वाताको माध्यमद्वारा छनौट गरिने छ।
४. दरखास्त साथ संलग्न गर्नुपर्ने : दरखास्त फाराम साथ निम्नलिखित कागजात संलग्न हुनुपर्ने छ :
   - क. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी,
   - ख. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,
   - ग. कार्य अनुभवको प्रमाणको प्रतिलिपि
   - घ. दस्तुर बुझाएको सक्कलै भौचर।

   पुनश्चः पेश गरिएका सबै प्रतिलिपीको पछाडी उम्मेद्ववार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्ने छ।
५. दस्खास्त दस्तुरः रु १०००/०० (एक हजार रुपैया मात्र) दस्तुर रकम यस कार्यालयमा कार्यालय समयमा बुझाउन सकिने छ।
६. दरखास्त दर्ताः दरखास्त फारम लोकसेवा आयोगले तयार पारेको ढाँचामा भरी क्षीरेश्वरनाथ नगरपालिकामा तोकिएको अवधी भित्र बुझाई सक्नु पर्नेछ ।
७. सम्झौता र कार्य सुरु गर्नुपर्ने मितिः छनौट भएका उम्मेद्ववार र क्षीरेश्वरनाथ नगरपालिका बीच करार सेवामा कार्य गर्न छनौट भएको मितिबाट ७ दिन भित्र सम्झौता गर्नु पर्ने छ र कार्य आरम्भ गर्नु पर्नेछ। यदी सो मिति भित्र सम्झौता गर्न नआएमा योग्यताक्रममा रहेका अन्य उम्मेद्ववारसँग सम्झौता गरिनेछ।

प्रमुख प्रशासकीय अधिकृत